# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ४ संख्या – १५ मितिः१२ चैत, २०७७

## भाग - २

**बेनीघाट रोराङ गाउँपालिका बेनीघाट रोराङ गाउँपालिकाको**

**बालविवाह, बालश्रम, वहुविवाह, दाईजो, बोक्सी प्रथा निरोध तथा**

**नियन्त्रण सम्वन्धि कार्यविधि २०७७**

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती, प्रदेश**

# बेनीघाट रोराङ गाउँपालिका बेनीघाट रोराङ गाउँपालिका बालविवाह, बालश्रम, वहुविवाह, दाईजो, बोक्सी प्रथा निरोध तथा नियन्त्रण सम्वन्धि कार्यविधि २०७७

*कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।१०।०७*

## १. परिचय

एशियामा नेपाल वालविवाहका दृष्टिकोणले बंगलादेश र भारतपछि सवै भन्दा वढी वालविवाह हुने देशभित्र पर्दछ । हजारौं वर्षदेखि चलि आएको बैवाहिक मान्यतामाथि अहिले धेरै प्रश्नचिन्हहरु खडा भएका छन । विश्व ईतिहासलाई नियालेर हेर्दा संसारका विकसित देशहरु पनि कुनै समयमा वाल विवाहको चरम समस्याबाट ग्रसित थिए । ग्रीस र रोमन साम्राज्यमा पनि वालविवाहलाई मान्यता दिइएको थियो । त्यति बेला बालविवाहका लागि योग्य उमेर १० देखि १२ वर्ष मानिन्थ्यो । हाल संसारकै शक्तिशाली राष्ट्र मानिने बेलायतमा पनि वालविवाहलाई मान्यता दिइएको थियो । त्यस्तै इतिहासको कुनै कालखण्डमा बालविवाह एउटा नियमकै रुपमा स्थापित भएको थियो । ऐतिहासिक रुपमा स्थापित सवै धर्मशास्त्रहरुमा विवाहको उमेर तोकिएको पाइन्छ । क्रिश्चियन धर्ममा एउटा बालिका किशोरी अवस्थामा पुग्न अगावै विवाह गर्न नहुने मान्यता स्थापित गरिएको छ भने हिन्दु धर्ममा ३ वर्षको उमेर पुगेपछि बुवाको सहमति पश्चात विवाह गर्न सकिने धार्मिक मान्यताहरु स्थापित भएको देखिन्छ । त्यस्तै इस्लामिक धर्ममा वालिका १० वर्ष पुगेपछि विवाह गर्न पाउने नियम स्थापित गरिएको छ । नेपालको सन्दर्भमा कुरा गर्ने हो भने लिच्छवी कालमा वालविवाह थिएन तर राणाकाल तथा पञ्चायत कालमा वालविवाहको प्रचलन मौलाएको देखिन्छ । खस राज्यहरुमा मध्यम परिवारका छोरीहरुलाई उनी भन्दा धेरै जेठा दुलाहालाई विक्री गर्ने चलन स्थापित थियो । काठमाण्डौका मल्ल राजाहरुले पनि धर्मका आधारमा वाल विवाह गरेका उदाहरणहरु भेटिन्छ । खस आर्यहरुमा वालविवाहको प्रचलन वढी नै छ । खास गरी तराईका दलित, मैथिली व्राह्मणहरुमा वालविवाह वढी भएको पाइन्छ । नेपालमा बाल विवाहलाई वि.सं. २०२० सालदेखि गैर कानूनी भनी निषेध गरिएको हो ।

त्यस्तै नेपालमा झण्डै १६ लाख वालवालिकाहरु वालश्रमिकको रुपमा रहेका छन । कुल वालवालिकाको संख्याको झण्डै ३७ प्रतिशत वालवालिकाहरु निकृष्ट प्रकारको वालश्रमवाट पीडित छन । बालश्रम निषेध तथा नियमित गर्न बनेको ऐन २०५७ ले कुनै पनि वालवालिकालाई १४ वर्ष नपुगी कुनै पनि शारीरिक काममा लगाउन नपाइने व्यवस्था गरेको भएता पनि सो कानूनको प्रभावकारी कार्यान्वयनको अभावमा वालश्रम शोषण मौलाएको देखिन्छ । यो ऐनले निकृष्ट प्रकारको बालश्रमको अन्त्यका लागि विशेष नीतिगत व्यवस्था गरेको छ । अभिभावकहरुमा रहेको अत्यधिक गरिवी, खेतीपाती तथा व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने मजदुरको अभाव तथा पारिश्रमिक तिर्ने क्षमताको कमीका कारण अधिकाँश अभिभावकहरु वालवालिकालाई काममा लगाउने गरेको देखिन्छ । वालश्रम ऐन २०४८ तथा यसको अन्तराष्ट्रिय कानून बमोजिम गरिएको संसोधन बालसंरक्षणको क्षेत्रमा एउटा कोशेढुंगा मानिन्छ । त्यसै गरी राष्ट्रिय दण्ड संहिता ऐन २०७४ ले सवै खाले वाध्यतापूर्ण वालश्रम, दासता, बँधुवा श्रमिक, लादिएको ऋण, लिङ्ग पहिचान तथा परीक्षण पश्चात गरिने गर्भपतन आदिको विषयमा कानूनी उपचारको व्यवस्था गरेको छ ।

नेपालको कानूनले बहुविवाहलाई पूर्ण रुपमा निषेध गरेको भएता पनि अहिले पनि बहुविवाह कायमै छ । बहुविवाहको परिमाणमा ठूलो संख्यामा घटेको भएता पनि लुकीछिपी वहुविवाह गर्ने, बहुविवाहका सवै पक्षहरुको मिलोमतोमा यस्ता केसहरुलाई लुकाउने छिपाउने गरेको पाइन्छ । नेपालको सन्दर्भमा बहुविवाहको मुख्य कारणमा छोराको चाहना, वैदेशिक रोजगारी, पुरुषहरुको लहड तथा पितृप्रधान सोच मुख्य रुपमा जिम्मेवार रहेको छ । राष्ट्रिय नागरिक संहिता ऐन २०७५ ले वहुविवाहलाई निषेध गरेको छ । यसले विवाहलाई महिला र पुरुष वीच हुने कानूनी

रुपमा भएको एकता, एक अर्कालाई विवाह गर्नका लागि उमेर पुगेको हुनु पर्ने, विवाहका लागि दुवै पक्षको सहमति, विवाहका लागि न्यूनतम उमेर पुरा भएको हुनु पर्ने जस्ता पक्षहरु उल्लेख गरिएको छ ।

दाईजो प्रथा नेपालमा एउटा सामाजिक विकृतिको रुपमा स्थापित भएको छ । नेपालको तराई भूभागलाई दाइजो प्रथाको भण्डार तथा उद्गमस्थल मानिन्छ । दाईजो प्रथा र बालविवाहको वीचमा अन्तर्सम्वन्ध रहेको देखिन्छ । बालविवाह गऱ्यो भने कम दाईजोमा छोरीको विवाह उम्काउन पाइन्छ भन्ने सोचले गर्दा तराईमा वालविवाहको हाहाकार भएको पाइन्छ । नेपालका पहाडी भूभागमा प्रत्यक्ष रुपमा दाईजो दिने चलन नभए पनि भड्किलो विवाह पद्धति कायमै छ । भड्किलो विवाह पद्धतिले अति गरिव समुदायका केटी मान्छेको विवाहमा समस्या मात्र भएको छैन, यसले भएको जग्गा जमिन तथा सम्पत्ति बेचेर भए पनि विवाह गर्ने प्रचलनलाई प्रश्रय दिएको छ ।

लैङ्गिक हिंसाको एउटा उपजको रुपमा हाम्रो समाजमा स्थापित बोक्सी प्रथालाई यहाँका शिक्षित समुदायहरुले स्वीकार नगरेको भएता पनि, कानुनी रुपमा निषेधित गरिएको भएता पनि अहिले पनि यसको उपस्थितिका कारण नेपालको ग्रामीण भेगहरुमा बोक्सी प्रथा कायमै छ । हाम्रा ग्रामीण भेगहरु जहाँ महिला तथा पुरुषहरु निरक्षर छन त्यहाँ महिलाहरुलाई बोक्सीको आरोपमा विभिन्न खालका शारीरिक तथा मानसिक यातना दिने प्रचलन कायमै छ ।

नेपालको संविधान २०७२ ले छुवाछुत, सामाजिक कुरीति जस्तै वालविवाह, वहुविवाह, दाईजो प्रथा, अन्धविश्वास, लैङ्गिक विभेद तथा विभिन्न खालका हिंसाको अन्त्यका लागि विभिन्न प्रावधानहरु राखेको छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास तथा लैङ्गिक विभेद तथा विभिन्न खालका हिंसाको अन्त्य गर्ने प्रतिवद्धता सहित आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणको संकल्प गरिएको छ । नेपालको संविधानको भाग ३ को मौलिक हकमा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, शोषण विरुद्धको हक, महिलाको हक, सामाजिक न्यायको हक लगायतका हकहरुको सुनिश्चित गरिएको छ । नेपालको संविधानले जात, धर्म, पेशा, भाषा, उद्गमस्थल, समुदाय तथा शारीरिक अवस्थाको आधारमा कुनै पनि नीजि तथा सार्वजनिक स्थलमा विभेद गर्न नपाइने व्यवस्था गरेको छ ।साथै संविधानले पीडितका लागि क्षतिपूर्तिको विषयमा समेत बोलेको छ ।

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२, अपराध पीडित संरक्षण ऐन, २०७५, लैंगिक समानता सम्वन्धी नीति २०७७ लगायतका लैङ्गिक हिंसाको अन्त्य र समानताका लागि कानुनी व्यवस्थाहरु समेत गरिएको छ । बेनीघाट रोराङ गाँउपालिकाको तर्फबाट पनि लैङ्गिक समानता र लैङ्गिकताका आधारमा हुने हिंसाको अन्त्यका लागि विभिन्न कार्यक्रमहरुको व्यवस्था गरी कार्यान्वयन गरिएको छ । गाउँपालिकाका तर्फबाट भएका प्रयासहरुलाई थप व्यवस्थित गर्दै लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक र लैङ्गिकमैत्री गाँउपालिकाको निर्माण गर्ने सङ्कल्प गर्दै लैङ्गिक समानता सम्बन्धी नीति, २०७८ पारित गरी लागु गरिएको छ ।

त्यस्तै वाल अधिकारको सन्दर्भमा नेपालको संविधान २०७२ ले वालवालिकाको शिक्षा, स्वास्थ्य, स्वस्थकर खाना खान पाउने, मनोरञ्जन, परिवार तथा राष्ट्रवाट व्यक्तित्व विकासको हक सम्वन्धि व्यवस्था गरेको छ । संविधानले असहाय, अभिभावक नभएका वालवालिका, शारीरिक रुपमा अपाङ्ग, द्वन्द्ववाट पीडित वालवालिकाहरुका लागि विशेष अधिकारको प्रत्याभूति गरेको छ । त्यस्तै नेपाल सरकारले जारी गरेका अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, जनस्वास्थ्य ऐन २०७५, वालवालिका ऐन २०७५, खाद्यअधिकार तथा सम्प्रभुता ऐन २०७५ ले वालअधिकारका

विभिन्न आयामहरुमा आवाज उठाएका छन । त्यसै गरी वालवालिका सम्वन्धि ऐन २०७५ ले वालवालिकाहरुको सम्मानपूर्ण जीवन बाँच्न पाउने अधिकार, संरक्षण, उपयुक्त स्याहार तथा पोषणको विषयमा व्यवस्था गरेको छ । यो ऐनले हरेक वालवालिकालाई शारीरिक, मानसिक, संवेगात्मक हिंसावाट संरक्षणको अधिकार सुनिश्चित गरेको छ । यो ऐनको उद्देश्य भनेको वालवालिकाहरुमाथि हुने अपमान, अमानवीय व्यवहार, यौनजन्य आरोपको अन्त्य गर्नु हो ।

त्यस्तै राष्ट्रिय नागरिक संहिता ऐन २०७५ ले वाल लाञ्छना, शोषण, वालअपहरण, वेचविखन आदिको विषयमा थप व्यवस्था गरेको छ । विद्यालयमा वा घरमा हुने शारीरिक दण्डलाई पूर्ण रुपमा निषेध गर्ने विषय लगायत यसले विवाहका लागि न्यूनतम उमेर २० वर्ष तोकेको छ । विवाहका लागि केटा तथा केटीको मञ्जुरी विना भएको विवाहलाई अवैध मानेको छ यो ऐनले । यस ऐनले दाइजो विरुद्धमा पनि आवाज उठाएको छ । वालविवाहलाई प्रोत्साहित गर्ने अभिभावकलाई पनि एउटा अपराधीको दर्जामा राखिएको छ । त्यसै गरी त्यसै गरी मानव वेचविखन तथा ओसार पसार नियन्त्रण ऐन २०६६ ले मानव वेचविखन तथा ओसारपसारको नियन्त्रणको विषयमा कानूनी उपचार पस्केको छ ।

## परिच्छेद १: नाम, परिभाषा, अवस्था, समस्या, चुनौति, उद्देश्य र औचित्य

### १. नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम **"बालश्रम, बालविवाह, वहुविवाह, दाईजो, बोक्सी प्रथा  निरोध तथा नियन्त्रण सम्वन्धि कार्यविधि २०७८** रहेको छ ।  ।

ख. यो कार्यविधि बेनीघाट रोराङ गाउँ कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषा** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "अध्यक्ष" भन्नाले बेनिघाट रोराङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले बेनिघाट रोराङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) " ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई बुझाउँछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनीघाट रोराङ गाउंपालिकामा प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ) " कानुन" भन्नाले संघीय कानुन, प्रदेश कानुन र स्थानीय कानुन सम्झनु पर्छ ।

च) "कार्यपालिका" भन्नाले बेनिघाट रोराङ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

छ) "कार्य विधि" भन्नाले **"बालश्रम, बालविवाह, वहुविवाह, दाईजो, बोक्सी प्रथा  निरोध तथा नियन्त्रण सम्वन्धि २०७७"** लाई सम्झनु पर्दछ ।

ज) “निरोधात्मक” भन्नाले बालश्रम, बालविवाह, वहुविवाह, दाईजो तथा बोक्सी प्रथाको रोकथाम भन्ने वुझ्नु पर्छ । विभिन्न खालका सचेतना निर्माण, तालिम, गोष्ठी भनेर पनि वुझ्न सकिन्छ ।

झ) “उपचारात्मक ” भन्नाले **बालश्रम, बालविवाह, वहुविवाह, दाईजो प्रथावाट** उत्पन्न शारीरिक तथा मानसिक समस्याको उपचार भनेर वुझ्नु पर्छ ।

ञ) “नियमकारी ” भन्नाले **बालश्रम, बालविवाह, वहुविवाह, दाईजो, बोक्सी प्रथा निरोध तथा नियन्त्रण** गर्नका लागि गाउँपालिकाले कार्यान्वयन गर्ने विभिन्न ऐन, कानून तथा नियम भनेर वुझ्नु पर्छ ।

ट) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएका बेनीघाट रोराङ गाउँपालिका सम्झनु पर्छ ।

ट) “गाउँसभा” भन्नाले संविधानको धारा २२२ को उपधारा ९१० बमोजिमको बेनिघाट रोराङ गाउँ सभा सम्झनु पर्छ ।

ठ) “पदाधिकारी” भन्नाले बेनीघाट रोराङ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

डं) “प्रदेश” भन्नाले बाग्मती प्रदेश सम्झनु पर्दछ ।

ढ) “बिषयगत शाखा” भन्नाले बेनिघाट रोराङ गाउँपालिकामा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक क्षेत्रको विकासका लागि स्थापना भएको शाखालाई जनाउँदछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि बेनीघाट रोराङ गाउँपालिकामा स्थापना भएका शाखालाई समेत जनाउँदछ ।

ण) “मन्त्रालय” भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक विषय हेर्ने नेपाल सरकारको संघीय मंत्रालय सम्झनु पर्छ । यो शब्दले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक विषय हेर्ने प्रादेशिक मंत्रालयलाई समेत जनाउँदछ ।

त) “योजना” भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

थ) “वडा” भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको वडालाई सम्झनु पर्छ ।

द) “वडा अध्यक्ष” भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका वडाका अध्यक्ष सम्झनु पर्छ ।

ध) “वडा समिति” भन्नाले संविधानको धारा २२२ को उपधारा ९४० धारा २२३ को उपधारा ९४० बमोजिमको बेनीघाट रोराङ गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

न) “सदस्य” भन्नाले,

- बेनीघाट रोराङ गाउँ सभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष वा वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

- कार्यदल सदस्य भन्नाले छुवाछुत, सामाजिक विकृति, लैङ्गिक असमानता तथा हिंसा निवारण कार्यदलको सदस्य भनेर वुझ्नु पर्छ ।

प) "समिति" भन्नाले छुवाछुत, सामाजिक विकृति, लैङ्गिक असमानता तथा हिंसा निवारण कार्यविधि कार्यान्वयन तथा समन्वय समिति भनेर वुझ्नु पर्दछ ।

फ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

ब) "स्थानीय तह" भन्नाले बेनीघाट रोराङ गाउँपालिकालाई जनाउँदछ ।

भ) "पुनर्स्थापना केन्द" भन्नाले छुवाछुत सामाजिक विकृति, लैङ्गिक असमानता, हिंसा तथा अन्धविश्वास वा अन्य कारणले शारीरिक वा मानसिक समस्या भएका व्यक्तिहरुलाई आश्रय दिई उपचार गरिने स्थान भनेर वुझ्नु पर्छ ।

म) "अन्धविश्वास " भन्नाले परंपरागत सोच, विश्वास भन्ने वुझ्नु पर्छ ।

य) "साईबर अपराध " इन्टरनेट वा सूचना प्रविधिको दुरुपयोग मार्फत गरिने अपराध भनेर वुझ्नु पर्दछ ।

र) "मूलप्रवाहीकरण "भन्नाले कार्यविधिमा भएको व्यवस्थालाई गाउँपालिकाको ऐन, दीर्घकालीन योजना, रणनीतिमा समावेश गर्ने भनेर वुझ्नु पर्छ ।

ल) "बहु विभेद " भन्नाले धेरै विषयगत क्षेत्रबाट एकै जना व्यक्तिले एकै पटक खेप्नु पर्ने विभेद भनेर वुझ्नु पर्छ ।

व) "लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण " भन्नाले महिला, वालवालिका तथा पछाडि परेका बर्गहरुको सवाललाई नीति, कार्यक्रम तथा योजनाहरुमा कत्तिको सम्वोधन भयो भएन भनेर जाँच्नका लागि प्रयोग गरिने योजना तर्जुमाको एउटा औजार भनेर वुझ्नु पर्छ ।

श. वालविवाह भन्नाले नेपालको कानूनले तोके बमोजिम २० वर्ष भन्दा अगाडि हुने विवाह भनेर वुझ्नु पर्छ ।

ष. बलजफ्ती विवाह भन्नाले केटा र केटीको सहमति विना वलपूर्वक गरिएको विवाह भनेर सम्झनु पर्छ ।

स. बालश्रम भन्नाले वालवालिकाहरुलाई उनीहरको उमेर, क्षमता भन्दा गाह्रो काम गर्न वाध्य पार्ने परिपाटी भनेर वुझ्नु पर्छ जसले वालवालिकाको सर्वाङ्गिण विकासमा नकारात्मक प्रभाव पार्दछ ।

ह. बहुविवाह भन्नाले एक जना व्यक्तिले एक जना भन्दा वढी मानिससंग गरिने विवाह भनेर वुझ्नु पर्छ ।

क्ष. दाईजो भन्नाले विवाहको बेलामा केटी पक्षले केटा पक्षलाई नगद धन, सामाग्री, गरगहना आदि प्रदान गर्ने परिपाटी भनेर वुझ्नु पर्छ ।

त्र. बोक्सी भन्नाले एउटा सामाजिक विकृति भनेर सम्झनु पर्छ जसमा महिला वा पुरुषलाई विभिन्न खालका लान्छना, प्रताडना दिइन्छ । सामान्यतया महिलाहरुलाई सामाजिक रुपमा कलंकित गराउन प्रयोग गरिने परंपरागत प्रचलन तथा अन्धविश्वासको रुपमा यसलाई वुझ्नु पर्छ ।

## ३. गाँउपालिकामा बालश्रम, बालविवाह, वहुविवाह, दाईजो, बोक्सी प्रथाको अवस्था

### ३.१ बालविवाह, बहुविवाह, बालश्रम, दाईजो तथा बोक्सी प्रथाको अवस्था

बेनीघाट गाउँपालिकाको कुल जनसख्याको झण्डै २४ प्रतिशत जनसँख्या चेपाङ्ग जातिहरुको रहेको छ । यहाँका चेपाङ्गहरुमा रहेको वहुआयामिक गरिवी, शिक्षा तथा चेतनाको कमी, थुप्रै पुरानो तर अन्धविश्वासले भरिएका परंपराहरु कायमै हुनुले यहाँ बालश्रम, वालविवाह, वहुविवाह तथा बोक्सी प्रथा कायमै छ । चेपाङ्ग समुदायमा दाईजो प्रथाको समस्या खासै नभए पनि गाउँपालिकाका अन्य जातजातिहरुमा भड्किलो प्रकारको वैवाहिक चलन कायमै छ । महिलालाई बोक्सीको आरोपमा दुःख दिने, लान्छना लगाउने प्रचलन यहाँ कायमै छ । गाउँपालिकाको लैससास सम्वन्धी नीतिमा बालश्रम, वालविवाह, वहुविवाह, दाईजो तथा बोक्सी प्रथा निरुपण गर्ने विषयमा व्यवस्था गरिएको छ । गाउँपालिकामा पालिका तथा वडास्तरीय युवा क्लब सञ्जाल, बाल क्लव, महिला संजाल, अपाङ्गता संजाल, जेष्ठ नागरिक सञ्जाल तथा समावेशी कृषक संजालहरु मार्फत वालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सी प्रथाको विरुद्धमा आवाज उठाउने काम गरिएको भएता पनि त्यो पर्याप्त हुन सकेको छैन । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ । बालश्रम, वालविवाह, वहुविवाह, दाईजो प्रथा, बोक्सी प्रथाको अन्तका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नका लागि गाउँपालिकामा महिला तथा बालवालिका शाखा रहेको छ । महिला तथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुका लागि सशक्तिकरण कार्यक्रमहरु संचालन गरिएका छन् । वेचविखनको जोखिममा रहेका महिला तथा वालवालिकाहरुको सुरक्षाका लागि कार्यक्रमहरु संचालन गरिएका छन् । गाउँपालिकामा भएको बालविवाह, बालश्रम, दाईजो तथा बोक्सी प्रथाको अवस्था तल उल्लेख गरिएको छ ।

#### ३.१.२ कम उमेरमा विवाह

यो गाउँपालिकामा वालविवाह प्रमुख कुरीतिको रुपमा रहेको छ । झण्डै २१ प्रतिशत वालवालिकाहरुको कम उमेरमा विवाह हुने गरेको छ । गाउँपालिकामा कुल कम उमेरमा विवाह हुनेको सँख्या ६६६० रहेको छ । सवै भन्दा वढी कम उमेरमा वालविवाह हुने वडाको रुपमा वडा नं. २ रहेको छ जहाँ १२४८ जनाले कम उमेरमा विवाह गरेका छन । केटाकेटीको सहमति विना हुने वलजफ्ती विवाह पनि कायमै छ ।

#### ३.२.२ बालविवाह

यस गाउँपालिकामा ९३० जनाले बालविवाह गरेका छन जसमध्ये ६४५ जना वालिका रहेका छन । सवै भन्दा वढी वालविवाह हुने वडामा वडा नं. २ रहेको छ जहाँ १८४ जनाले वालविवाह गरेका छन । यस गाउँपालिकामा ६९ प्रतिशत वालिका तथा ३१ प्रतिशत वालकमा बालविवाह हुने गरेको छ ।

#### ३.२.३ बहुविवाह

विभिन्न तथ्याङ्क हेर्दा अहिले पनि झण्डै ०.८ प्रतिशत वहुविवाह कायमै रहेको अवस्था देखिन्छ । गाउँपालिकामा वहुविवाहको संख्या २६७ जना रहेको देखिन्छ । वहुविवाहको संख्या सवै भन्दा वढी वडा नं. १० र ७ मा क्रमशः ६४ र ४९ रहेको छ ।

#### ३.२.४ बोक्सी तथा धामी झाँकी प्रथा

अहिले पनि झण्डै ५ प्रतिशत मानिसहरु विरामी भएको बेला स्वास्थ्य संस्था नगई धामी झाँक्रीकहाँ जाने गरेका छन । महिलाहरुलाई बोक्सीको आरोपमा पिट्ने, धम्काउने, तर्साउने, गाली गलौज गर्ने प्रचलन कायमै छ । अहिले पनि कतिपय महिला तथा पुरुषहरुमा आखत हेराउने, अनि बोक्सीमाथि विश्वास गर्ने चलन कायमै छ ।

#### ३.२.६ दाईजो प्रथा तथा विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रममा धेरै तडकभडक गर्ने प्रचलन

गाउँपालिकामा दाईजोको त्यस्तो धेरै प्रचलन नभएको भएता पनि धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु जस्तै विवाह, ब्रतवन्ध, चौरासी, जन्म दिन आदि तडकभडकका साथ मनाउने संस्कृति मौलाउँदै गएको देखिन्छ ।

## ५. समस्याः

बालविवाह, बालश्रमले गर्दा बालवालिकाहरुले विभिन्न खालका लान्छना तथा हिंसाको शिकार बन्दै आएका छन । नेपालमा प्राथमिक विद्यालय उत्तीर्ण दर कमजोर हुनाको कारण, विद्यालयमा वालवालिकाहरुको निरन्तर उपस्थिति दर कम हुनुमा बालविवाह र बालश्रम कारक तत्वको रुपमा रहेका छन । बालविवाह भएका बालवालिकाहरुले अत्यधिक मात्रामा वैवाहिक वलात्कारको सामना गर्नु पर्ने, शारीरिक तथा मानसिक तनाव सहनु पर्ने, धेरै वालवालिकालाई जन्माएर गरिवीको चंगुलमा पिल्सिनु पर्ने बाध्यताहरु रहेका छन । नेपाल जस्ता अल्प विकसित देशमा मातृमृत्यु तथा बाल कुपोषणको मुख्य कारणहरुमा किशोरी अवस्थामा हुने गर्भधारण रहेको स्वास्थ्यविज्ञहरु वताउँछन किनकि वाल्यावस्थामा पाठेघरको साइज सानो हुने र यौनग्रन्थीहरुको राम्रो विकास नभईसकेको कारणले उनीहरु लामो सुत्केरी व्यथावाट गुज्रिनु पर्ने अवस्था विद्यमान रहेको छ । विभिन्न अध्ययन अनुसार २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने आमाहरुमा परिपक्व उमेरमा विवाह गर्ने आमाहरुको तुलनामा जन्मेको वच्चा मर्ने दर ५० प्रतिशत भन्दा बढी हुन्छ भनेर उल्लेख गरिएको छ । यौनहिंसा बालविवाहको अर्को समस्या हो । श्रीमान श्रीमती वीचको उमेरको ठूलो अन्तरका कारण पनि विभिन्न खालका हिंसाहरुको जन्म हुन्छ भनेर विभिन्न खालका अध्ययनहरुले औंल्याएका छन । वालविवाह तथा बलजफ्ती गरिएको विवाहले बालवालिकाको भविष्यलाई अन्धकार बनाउँछ । उनीहरुको जीवन छनौटको आधारलाई भत्काएर उनीहरुलाई अरुको शोषणको पञ्जामा रुमलिन बाध्य वनाउँछ । बालविवाहका कारणले उनीहरुलाई विभिन्न खालका अवसरहरु जस्तै शिक्षा, रोजगार, जीवन साथी रोज्ने आदिबाट वन्चित गराउँछ । उनीहरुले जीवनकला राम्ररी सिक्न जान्न पाउँदैनन जसले गर्दा उनीहरु आजीवन ससाना विभेद, द्वन्द्वको शिकार बन्छन ।

बहुविवाहले एकातर्फ महिलामाथि हुने हिंसालाई वढाउँछ । महिलाहरुमा शारीरिक तथा मानसिक हिंसा वढाउँछ । परिवारमा अशान्ति तथा कलह वढ्छ । यसले गरिवीलाई निम्त्याउँछ । परिवारको आकार ठूलो हुने हुनाले पालनपोषण तथा शिक्षादिक्षामा लाग्ने खर्च वढ्छ जसले पुरुषहरुमाथि पनि आर्थिक भारको प्रेसर श्रृजना गर्छ । महिला महिला वीच हुने झैझगडाले ससाना वालवालिकाहरुमा नकारात्मक असर पार्छ । वालहिंसाका घटनाहरुलाई यसले प्रश्रय दिन्छ ।

दाईजो दिनुलाई अहिले पनि हाम्रो समाजमा प्रतिष्ठाको विषय वनाइएको छ । यद्यपि यसले धेरै खालका सामाजिक, आर्थिक समस्याहरु निम्त्याएको छ । ती अभिभावक जसले आफ्नो छोरीका लागि पर्याप्त दाईजो दिन सक्दैनन उनका छोरीहरुमाथि घरेलु हिसाको दर वढी हुने, विभिन्न खालका लान्छनाको शिकार हुनु पर्ने, वैवाहिक वलात्कारको शिकार भई असुरक्षित गर्भपतन गराउनु पर्ने खालका समस्याहरु देखा परेका छन । पर्याप्त दाईजो दिन नसक्ने गरिव अभिभावकका छोरीहरुको विवाह नै नहुने स्थिति पनि कतिपय ठाउँमा उत्पन्न भएको छ । दाईजोले वहुविवाहलाई पनि निम्त्याउँछ, यसले बाल शोषण वढाउँछ, वालविवाह तथा बालश्रमलाई वढावा दिन्छ । लोभी दुलाहाहरुले पैसाका लागि मात्र विवाह गर्छन अनि महिलाको जीवनलाई नरक बनाईदिन्छन । दाईजोको कारणले महिलाहरुले आत्महत्या गरेको, ज्यान गुमाउन परेको थुप्रै तथ्यहरु हाम्रो समाजमा छन । दाईजोको प्रमुख समस्या तराईमा भए पनि पहाडी भूभागमा विवाहमा हुने तडक भडकले मानिसहरुलाई गरिवीको दलदलमा फसाएको छ ।

महिलाहरुलाई कलंकित वनाई उनीहरुको अस्थित्वमाथि हमला गर्ने अर्को सामाजिक विकृतिको नाम हो बोक्सी प्रथा । बोक्सी प्रथाले महिलाहरुलाई शारीरिक तथा मानसिक हिंसा तथा तनाव मात्र श्रृजना गर्दैन यसले उनी अनि उनको परिवारको सामाजिक प्रतिष्ठामा आँच पुऱ्याउँछ । यसले मानिसहरु खास गरी बालवालिकाहरुमा त्रासको वातावरण श्रृजना गर्दछ । यसले बोक्सीको आरोप लागेका महिलाहरुलाई सामाजिक वहिष्करणको शिकार वनाउँछ जसले गर्दा उनलाई विभिन्न खालका सामाजिक गतिविधिहरुमा संलग्न हुन कठिन हुन्छ । बोक्सीको आरोपमा कतिपय महिलाहरुले ज्यान गुमाएका दुर्गम गाउँका कथाहरु हामीले देख्दै सुन्दै आएका छौं ।

## ६. चुनौति

- महिलाहरुमा भएको निरक्षरता, पुरुषहरुमा भएको कम शिक्षा तथा अन्धविश्वासले समाजमा नराम्ररी घर वनाएको छ जसले बालविवाह, बालश्रम, बहुविवाह, दाईजो तथा बोक्सी प्रथालाई संरक्षण गर्न सहयोग गरिरहेको छ । महिनावारी हुनु अगावै छोरीलाई विवाह गरेर दियो भने बाबुआमाको बास स्वर्गमा हुन्छ भन्ने प्रचलन तथा छोरी मान्छेको कुमारीत्वलाई धेरै स्थान दिने पुरुष प्रधान सोचले बालविवाहलाई प्रश्रय दिईरहेको छ ।
- वालवालिका, उनीहरुका अभिभावकहरुलाई हाम्रो समाजमा भएका सामाजिक विकृति र विसङ्गति जस्तै बालविवाह, बालश्रम, दाईजो तथा बोक्सी प्रथाले मानिसको जीवनमा के कस्ता प्रभाव र असर पार्छ भन्ने विषयमा चेतनाको अभाव अर्को चुनौतिको रुपमा रहेको छ ।
- हाम्रो समाजमा रहेको बहुआयामिक गरिवी बालविवाह, बालश्रम, बहुविवाह, दाईजो तथा बोक्सी प्रथा नियन्त्रण तथा निरोधका लागि प्रमुख चुनौति हो । अहिले पनि अभिभावकहरुमा छोरीलाई आर्थिक तथा सामाजिक भारको रुपमा लिने, छोरी जन्माउने भनेको विवाहका लागि मात्र हो भन्ने खालका सोच राख्ने थुप्रै अभिभावकहरु छन । अरुलाई विवाह गरेर दिन परिहाल्छ किन उनको शिक्षामा अनावश्यक लगानी गर्ने भन्ने सोच पनि विद्यमान छ । यसले बालविवाह, बहुविवाह, बालश्रम, दाईजो र बोक्सी प्रथालाई प्रश्रय दिईरहेको छ ।
- बालविवाह, बालश्रम, बहुविवाह, दाईजो तथा बोक्सी प्रथा नियन्त्रण तथा निरोधका नीति तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन नहुनु यी विकृतिहरु मौलाउनुका प्रमुख कारण हो । कानून बमोजिम बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सी प्रथालाई सघाउ पुऱ्याउने व्यक्ति तथा संस्थामाथि कारवाही हुन सक्यो भने यी विकृतिहरुको अन्तका लागि सहज वातावरण बन्छ । यी सामाजिक विकृतिप्रतिको शुन्य सहनशीलताको कमी अर्को चुनौतिको रुपमा रहेको छ ।

## ७. कार्यविधिको आवश्यकता र औचित्य

- बालविवाह, बालश्रम, बलजफ्ती विवाह, बहुविवाह, दाईजो तथा बोक्सी प्रथाको अन्त गर्नका लागि प्रभावकारी कदम अगाडि वढाउन ।
- दिगो विकासको लक्ष्य हासिल गरी सामाजिक न्याय स्थापित गर्न
- बालविवाह, बालश्रम, बलजफ्ती विवाह, बहुविवाह, दाईजो तथा बोक्सी प्रथा सम्वन्धमा रहेका अन्तराष्ट्रिय सन्धी सम्झौताको वारेमा सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराई सामाजिक विकृति र विसङ्गतिको अन्त्यका लागि पहल गर्ने ।

- योजना निर्माणदेखि कार्यान्वयनका विभिन्न चरणहरुमा बाल विवाह, बालश्रम, बलजफ्ती विवाह, वहुविवाह, दाईजो तथा बोक्सी प्रथा न्यूनीकरणका प्रयासहरुलाई मूलप्रवाहीकरण गर्ने ।
- विकासका पद्धतिलाई बालमैत्री, लैंगिकमैत्री, अपाङ्गमैत्री, वनाउन ।
- सवै गाउँपालिकावासीहरुमा बालविवाह, वहुविवाह, बलजफ्ती विवाह, बालश्रम, दाईजो तथा बोक्सीप्रथा विरुद्धको शुन्यसहनशीलता हासिल गर्ने ।
- गाउँपालिकाभित्र भएका सवै सरकारी, गैरसरकारी, समुदायमा आधारित संस्थाहरुको नीति, वार्षिक योजना तथा दीर्घकालीन योजनाहरुमा बालविवाह, वहुविवाह, वलजफ्ती विवाह, बालश्रम, दाईजो तथा बोक्सीप्रथाका निरुपणका रणनीतिहरु मूलप्रवाहीकरण गर्ने ।

## परिच्छेद २: दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ६. दीर्घकालीन सोच :

बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा रहित समाजको श्रृजना

### ७. सोचको परिदृश्य :

गाउँपालिकाको सवै क्षेत्रवाट बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्त्यका लागि तत्सम्वन्धि आयोजनाको विकास, सम्वन्धित वर्गको अर्थपूर्ण सहभागिता, उनीहरुको क्षमता विकासका लागि लगानी तथा पैरवी गर्ने ।

### ८. लक्ष्य :

समाजमा रहेको बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्त्यका लागि गाउँपालिकाले लक्षित वर्ग सम्वन्धि आयोजनाको विकास गरी आयोजनामा उनीहरुको सहभागिता सुनिश्चितता गर्नेछ ।

### ९. उद्देश्य

- बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाको मारमा परेका व्यक्ति, वडा, समुदायको पहिचान गरी त्यसको अन्त्यका लागि आवश्यक कार्यक्रम कार्यान्वयन तथा नीतिगत पैरवी गर्ने ।
- बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाले गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय पक्षमा पारेको नकारात्मक प्रभावहरुको अध्ययन अनुसन्धान गर्ने ।
- बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्तका लागि विभिन्न खालका सञ्जालहरुको स्थापना गर्ने ।
- बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाको मारमा परेका व्यक्तिहरुका लागि तत्कालीन राहतको व्यवस्था गर्ने ।

### १०. रणनीति तथा कार्यनीति

बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाको मारमा परेका वा पर्न सक्ने व्यक्तिहरुको हितलाई ध्यानमा राखेर निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य सामाजिक हिंसाका क्रियाकलापहरुलाई निरुत्साहित गर्नका लागि तपसिलका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिने छ ।

| क.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | गाउँपालिकाको संस्थागत विकास, क्षमता विकास तथा सामाजिक परिचालनका प्रयासहरु मार्फत बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्त्य गर्ने । | ● महिला, वालवालिका तथा ज्येष्ठ नागरिक शाखाको बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाको क्षेत्रमा सूचना संकलन, प्रशोधन तथा प्रयोग गर्न सक्ने क्षमताको विकास गर्ने ।<br>● महिला, वालवालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गत स्थापित बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा निवारण कार्यदलको गठन गरी यसको वैठक नियमित रुपमा सञ्चालन गर्ने ।<br>● गाउँपालिकाको वस्तुगत विवरण संकलन, योजना निर्माण तथा नीतिहरु निर्माण गर्दा बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य सामाजिक हिंसाका विषयहरुलाई प्राथमिकतामा राख्ने ।<br>● विशेष गरी महिला, वालिका, किशोरी, अपाङ्ग, दलित, अल्पसंख्यक, पछाडि परेको वर्गहरुलाई समूहमा आवद्ध गराई उनीहरुका लागि संविधानले प्रदान गरेको हक अधिकारको विषयमा सचेतना अभिवृद्धि गरिनेछ ।<br>● सञ्चार माध्यमबाट नियमित रुपमा वालविवाह, अनमेल विवाह, दाईजो प्रथा, बोक्सी तथा धामी झाँक्री , रक्सी तथा जुवातास, लागु पदार्थ दुर्व्यसनी, जन्मदर्ता, लैङ्गिक समानता तथा महिला, किशोरी शिक्षा, अपाङ्गहरुप्रति गर्नु पर्ने सम्मानित व्यवहार सम्वन्धि विषयमा श्रव्य-दृश्य सामाग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाईनेछ ।<br>● धामीहरुलाई स्वास्थ्य स्वयंसेवक सम्वन्धि तालिम तथा अभिमुखिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>● बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसाहरुको अन्त्यका लागि अभिभावक शिक्षा, छोरीप्रतिको सम्मान वढाउने खालका शिक्षा तथा चेतनाको कार्यक्रम सञ्चालन गरिने छ ।<br>● बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा प्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| | | • बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा कम गर्न प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण, समुदायमा आधारित संस्था, समूह, परिवार, सञ्चार क्षेत्रको परिचालन गरिनेछ ।<br>• बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्त्य गर्न समुदायको सक्रियतामा मर्यादित विवाह, बालवालिका तथा महिलाको जीवनशैली सम्बन्धी प्रबर्द्धनात्मक क्रियाकलापलाई गाउँपालिकाको कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरी बाल क्लब/सञ्जाल, युवा क्लब, किशोरी समूह, आमा समूह, लगायत समुदायमा आधारित संस्थाहरुको सक्रियतामा सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ ।<br>• बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्त्यका लागि सामाजिक सञ्जालहरु मार्फत विभिन्न खालका सडक नाटक, सामाजिक अभियानका कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>• कार्यस्थल तथा सार्वजनिक स्थलहरुमा महिला, किशोरी र बालिकामाथि हुने भेदभाव एवम् यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ ।<br>• गरिवीको कारणले बालविवाह, बालश्रम गर्न वाध्य भएका तथा दाईजो तथा बोक्सी प्रथाको कारण विभिन्न खालका मारमा परेका परिवारहरुको पहिचान गरी महिला, दलित, गरिवको आर्थिक सशक्तिकरणका लागि आवश्यकता अनुसार तालिम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यमा आवश्यकता अनुसार गैरसरकारी संस्थासँग साझेदारी गरिनेछ ।<br>• बालवालिका, महिला, दलित, अपाङ्ग, वृद्धवृद्धाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध अभियान सञ्चालन गरिनेछ ।<br>• विद्यालयबाट सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा बालविवाह, वहुविवाह, बालश्रम, बोक्सी तथा दाईजो प्रथा एवं विहेवारीमा हुने अनावश्यक तडकभडकको अन्तका लागि सम्वन्धित विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ । यस्ता कार्यक्रममा अभिभावकलाई समेत सहभागी गराइनेछ । |

| | | |
|---|---|---|
| | | • बोक्सी प्रथा विरुद्ध शून्य सहनशीलताको कानूनी व्यवस्थालाई कार्यान्वयन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• समुदायमा भएका समुदायमा आधारित संघसंस्थाहरु जस्तै आमा समूह, वालसमूह, अपाङ्ग समूह, सहकारी,वचत तथा ऋण समूह, युवा क्लव आदिको क्षमता विकास गर्ने ।<br>• बालविवाहपछि विद्यालय जान छोडेका किशोरीहरुलाई विद्यालयमा भर्ना हुने वातावरण श्रृजना गर्न विभिन्न खालका अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने । |
| २ | उजुरी तथा सुनुवाईको व्यवस्था गर्ने । | • बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसाहरुको विषयमा खुलेर बोल्ने, छलफल र वहस गर्ने संस्कारको विकास गरिने छ ।<br>• सार्वजनिक तथा नीजि क्षेत्रमा बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्तका लागि उजरी तथा सुनुवाईको संयन्त्रको विकास गरिने छ ।<br>• वालविवाह, वालश्रम, वहुविवाह, दाईजो तथा बोक्सी प्रथा तथा अन्य खालका हिंसाका केसहरु सुनुवाईका लागि गाउँपालिकाको न्यायिक समिति तथा वडास्तरीय मध्यस्थता केन्द्रमा आउने व्यवस्था गर्ने ।<br>• बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसाहरुको विषयमा नियमित रुपमा प्रतिवेदन तयार गर्ने परिपाटीको विकास गर्ने । |
| | सीप तथा रोजगारीको व्यवस्था गर्ने । | • यस्ता व्यक्तिहरुलाई आत्मनिर्भर र स्वरोजगारीका लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुका साथै नियमकारी उपाय समेत अवलम्बन गरिनेछ<br>• व्यवसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी उनीहरुको आय आर्जनमा वृद्धि गरिनेछ ।<br>• बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाका कारणले पीडित व्यक्तिहरुलाई व्यक्तिहरुलाई आत्मनिर्भर र स्वरोजगारीका लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम |

| | | |
|---|---|---|
| | | सञ्चालन गरिनुका साथै नियमकारी उपाय समेत अवलम्बन गरिनेछ । |
| | सरकारी तथा गैर सरकारी संघसंस्था समन्वय, सहकार्य तथा परिचालन गर्ने । | • बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ । यस कार्यमा सामाजिक संघ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सक्रिय रुपमा परिचालन गरिनेछ ।<br>• निरोधात्मक, उपचारात्मक तथा नियमकारी उपायहरु अवलम्वनका लागि महिला तथा वालवालिका शाखा, शिक्षा शाखा तथा स्वास्थ्य शाखालाई प्रमुख जिम्मेवार निकायको रुपमा स्थापित गर्दै लगिने छ<br>• बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा अन्त्यका लागि हरेक सरकारी तथा गैर सरकारी कार्यालयहरुको आचार संहिता वनाउने तथा त्यसको परिपालनामा जोड दिने संस्कृति र संस्कारको विकास गरिने छ ।<br>• बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा विरुद्ध समुदाय, नागरिक समाज, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।<br>• हिंसा प्रभावित र वैदेशिक श्रम बजारमा रोजगारीका क्रममा जोखिममा परेका महिला, दलित, गरिवको आर्थिक सशक्तिकरण तथा तालिमका लागि सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरिने छ ।<br>• व्यापार-व्यवसाय एवम् उद्योग गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजिकरण गरिनेछ ।<br>• बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य सामाजिक हिंसाको अन्त्यका लागि संघ, प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसंग समन्वय तथा सहकार्य गर्ने । |
| | पुनर्स्थापना केन्द्रको स्थापना, मनोसामाजिक परामर्श तथा क्षतिपूर्तिको व्यवस्था | • बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा पीडित/प्रभावितलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ । साथै, यस्ता |

| | | |
|---|---|---|
| | | पीडित र प्रभावितका लागि जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>● बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीबाट पीडितहरुका लागि सुरक्षा, संरक्षण तथा पुनस्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ । |
| | भौतिक पूर्वाधारको विकास | ● सार्वजनिक तथा नीजि भौतिक संरचनालाई लैङ्गिकमैत्री, वृद्धवृद्धामैत्री, दलितमैत्री, वालमैत्री तथा अपाङ्गमैत्री वनाइने छ । |
| | सञ्चार | ● परिवार, समाज तथा कार्यस्थलमा महिला, वालवालिका, अपाङ्ग, वृद्ध, दलितप्रति गरिने मर्यादित व्यवहारका लागि आवश्यक भाषा शैलीलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रममा खासगरी वडा तहका निर्वाचित महिला प्रतिनिधि, विद्यालय तथा अभिभावक, टोल सुधार समिति, स्थानीय संघ संस्था, आमा समूह, बालक्लब, बालबालिका सञ्जाल र किशोरी समूह लगायतका सामुदायिक संस्थाहरुलाई क्रियाशील बनाइनेछ ।<br>● बढ्दो साइबर अपराधका विषयमा महिला, वालवालिका, दलित, किशोरी तथा बालिकालाई सुसूचित गराउँदै यस्ता अपराधलाई नियन्त्रण  गरिनेछ ।<br>● बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा महिला हिंसा र त्यसको व्यवस्थापन सम्बन्धी सूचना प्राप्त गर्न महिला, बालबालिका सम्बन्धी हेल्पलाईन स्थापना र विस्तार गरिनेछ ।<br>● लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।<br>● जसको मुद्‌दा उसैको नेतृत्व भन्ने नारालाई साकार पारी विभिन्न खालका सामाजिक अभियानहरु सञ्चालन गर्न सम्वन्धित वर्गको सञ्जाल निर्माण तथा सवलीकरणमा जोड दिइने छ ।<br>● बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य सामाजिक हिंसाको अन्त्यका लागि हरेक |

| | | |
|---|---|---|
| | | विद्यालयमा सो सम्वन्धि जागरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>● वालविवाह, निकृष्ट प्रकारको वालश्रम, बोक्सीप्रथा तथा विवाहमा दिइने दाईजो तथा तडकभडकलाई समुदायवाटै विरोध गर्ने परिपाटीका लागि आवश्यक सूचना सामाग्री तयार गर्ने ।<br>● समुदायबाट बालविवाह, निकृष्ट प्रकारको वालश्रम, बोक्सीप्रथा तथा विवाहमा दिइने दाईजो तथा तडकभडक सम्वन्धि सूचना तथा व्यवहार परिवर्तन सामाग्री वितरण तथा समुदाय अन्तर्क्रियाका लागि स्वयंसेवकहरुको व्यवस्था गर्ने ।<br>● गाउँपालिकामा बालविवाह, निकृष्ट प्रकारको वालश्रम, बोक्सीप्रथा तथा विवाहमा दिइने दाईजो आदि विषयमा तथ्याङ्क संकलन, विश्लेषण तथा अद्यावधिक गर्ने परिपाटीको विकास गर्ने । |
| | ऐन कानूनको कार्यान्वयन ( दण्ड तथा पुरस्कार | ● बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ र यस कार्यमा सम्बन्धित कर्मचारी/पदाधिकारीलाई जिम्मेवार बनाउन दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।<br>● बालविवाह, बालश्रम, बहुविवाह, बोक्सीप्रथा एवम् दाईजो जस्ता वैवाहिक परम्परासँग गाँसिएका कुरीतिको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानूनको कार्यान्वयन र नियमलाई प्रभावकारी बनाईनेछ ।<br>● दलित, वालवालिका, महिला, विपन्न वर्ग, अपाङ्ग वर्ग, सीमान्तकृत वर्ग सम्वन्धि नीति, उत्तरदायी वजेटको व्यवस्था तथा त्यसको कार्यान्वयनको पक्षमा जोड दिइने छ ।<br>● बहुविभेदमा परेका सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता लगायतका वर्गका वालवालिका तथा महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।<br>● बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाको हिंसामा परेका व्यक्तिहरुको सम्पत्तिमाथिको |

| | | |
|---|---|---|
| | | पहुँच बढाउने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गरिने छ । <br>• लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई निरन्तरता दिइने छ । <br>• बहुविभेदमा परेका सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता लगायतका वर्गका महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ । <br>• महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकरी ढङ्गले सञ्चालन गरिनेछ । <br>• विभिन्न कार्यक्रमका माध्यमबाट विभेदमा परेका व्यक्ति तथा समूहको विशेष संरक्षण गरिनेछ । |

# परिच्छेद ३ः संस्थागत संरचना, कानूनी व्यवस्था, अनुगमन तथा मूल्याङ्कन

## ११. संस्थागत संरचना

१) यो कार्यविधिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय तथा सहजिकरण गर्न र कार्यविधिमा समसामयिक सुधार लगायत नीतिगत सहजिकरण गर्न तपसिल बमोजिमको संस्थागत संरचनाको व्यवस्था गरिने छ । यो कार्यदलको नाम बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा निवारण कार्यदल रहने छ ।

| | |
|---|---|
| गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| कार्यपालिका सदस्य (१ जना दलित महिला सदस्य सहित) | सदस्य |
| महिला, वालवालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव |

२) कार्यदलले आवश्यकता अनुसार अन्य पदाधिकारी तथा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३) कार्यदलले आवश्यकता अनुसार अन्य समिति, उपसमितिहरु गठन गरी काम गराउन सक्नेछ ।

४) स्थानीय तहमा प्रमुख वा अध्यक्षको संयोजकत्वमा कार्यपालिकाको एक जना महिला सदस्य, आवश्यकता अनुसार विषय विज्ञहरु सदस्य तथा महिला तथा बालबालिका शाखा प्रमुख सदस्य-सचिव रहने गरी कार्यविधि कार्यान्वयन तथा समन्वय समिति गठन हुनेछ ।

## १२. कानूनी व्यवस्था

यस कार्यविधि कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागु गर्न सकिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले समन्वय र सहजिकरणको भूमिका निर्वाह गर्नेछ ।

## १३. अनुगमन तथा मूल्याङ्कन

(क) यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक लैङ्गिक, सामाजिक वहिष्करणका सूचक विकास गरिनेछ ।

(ख) समितिको बैठकमा बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथाको विद्यमान अवस्था, समस्या, प्रयास तथा उपलव्धीहरुको विषयमा समीक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

(ग) आवश्यकता अनुसार नीतिको पुनरावलोकन गरिनेछ ।

# परिच्छेद ४: जोखिम प्रकृति, न्यूनीकरणका उपायहरु, श्रोतको व्यवस्था, सरोकारवालाहरु तथा मूल्य मान्यता

## १४. सम्भावित जोखिम न्यूनीकरण योजना

समाजमा अहिले पनि विकास भनेको बाटो वनाउने, पुल पुलेसा, भवन वनाउने काम भनेर मात्र बुझ्ने आम मानसिकता कायमै छ । गाउँपालिकाभित्रका पदाधिकारी, कर्मचारीदेखि समुदायका अगुवाहरु पनि बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा विभिन्न खालका विकृति र विसङ्गतिको दलदलवाट समाजलाई मुक्त गर्ने विषयलाई विकास भन्न सहजै रुचाउने छैनन । यसका लागि ससाना समूह, सञ्जाल, समिति मार्फत छलफल र वहसको थालनी गरिने छ । यिनै ससाना समूह, सञ्जाल, समितिहरुको शशक्तिकरण मार्फत विभिन्न तहमा यसलाई विकासको एजेण्डाको रुपमा स्थापित गरिने छ । सरोकारवालाहरुको पनि वर्गिकरण गरिने छ । यसलाई विकासको एजेण्डा मानेर महिला तथा वालवालिका शाखालाई सघाउने सरोकारवालाहरुको विस्तृत विवरण र यसलाई विकास मान्न नचाहने सरोकारवाला संस्था तथा व्यक्तिको लिष्ट तयार गरी पैरवीको कार्य गरिने छ ।

### १४.१ यस नीतिको प्रकृति र स्वरुप

वृहत् तथा साझा सरोकारको विषय भएकाले देहायका थप जोखिम हुनसक्ने अनुमान गरिएको छ :-

(क) बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसाप्रतिको बुझाइमा विविधता हुन सक्ने ।

(ख) बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसा बुझेको दक्ष जनशक्तिको अभाव हुन सक्ने ।

(ग) बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसा बहुपक्षीय सरोकार राख्ने विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

### १४.२ जोखिम न्यूनीकरणका उपायहरु

(क) जिम्मेवारी स्पष्ट हुनेगरी यस नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागु गरिनेछ ।

(ख) समन्वय संयन्त्रको रुपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ । बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा सम्वन्धि सवालमा दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ ।

(ग) गाउँपालिका स्तरमा बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसाको विषयमा दक्षता भएका व्यक्तिहरुको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् विश्लेषण गरिनेछ ।

## १५. नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन

यो नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गाँउपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि गाँउपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## १६. बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसा अभियानका लागि सरोकारवालाहरु

बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसा नीतिको कार्यान्वयनका लागि यससँग सम्वन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि वडागत मुख्य सरोकारवालाहरुको पहिचान वार्षिक रुपमा गरिने छ । यिनै सरोकारवालाहरुसँगको समन्वय, साझेदारी र नेतृत्वमा यो नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।

## १७. कार्यविधिको प्रचार प्रसार

स्थानीय सञ्चार माध्यमहरुसँग सहकार्य गरी **बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसा निवारण कार्यविधि** र यसका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । गाँउपालिकाको वेभसाइट, सोसल मिडिया साइटहरुमा यस सम्वन्धि नीतिमा भएका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ ।

## १८. कार्यविधिको पुनरावलोकन

यो नीतिको प्रत्येक वर्ष वार्षिक समीक्षा गरी समयक्रमअनुसार गर्नुपर्ने पुनरावलोकन गरिनेछ । वार्षिक समीक्षावाट प्राप्त सुझावहरुलाई गाँउ कार्यपालिकामा पठाई कार्यपालिकाबाट पारित गरी गाँउ सभामार्फत नीतिको पुनरावलोकन सहित कार्यान्वयन गरिनेछ ।

## १९. मुल्य मान्यताहरु

**बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसा निवारणको लागि** यस बेनीघाट रोराङ्ग गाँउपालिकाको निम्न मुल्य मान्यताहरु रहेका छन् । यिनै मुल्य मान्यताको प्रवर्धन मार्फत यस कार्यविधिमा राखिएको उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुऱ्याइनेछ ।

क) गाँउपालिकाको अगुवाईमा उपलब्ध श्रोत तथा साधनहरुको **बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसा निवारण सम्वन्धि** अभियानमा बढी भन्दा बढी प्रयोग गर्ने ।

ख) गाँउपालिकामा लैंगिक विभेद, शोषण, हिंसामा शुन्य सहनशीलता अपनाउने ।

ग) विशेष लक्षित समुहको सर्वोत्तम हित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

घ) **बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसाको अन्त्यका** लागि प्रभावकारी समन्वय र सहकार्यलाई प्रवर्धन गर्ने ।

ङ) **बालविवाह, बालश्रम, वहुविवाह, दाईजो तथा बोक्सीप्रथा तथा अन्य खालका हिंसाको अन्त्यका** लागि यो कार्यविधिलाई गाउँपालिकाको वार्षिक योजना, रणनीति, तथा नीतिहरुमा मूलप्रवाहीकरण गर्ने ।